# संवत् २०८० साल असोज २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | आ.व. २०८०/८१ को लागि महान्यायाधिवक्ताको कार्यालयमा एकजना सूचना प्रविधि अधिकृतको अस्थायी दरबन्दी सिर्जना गर्ने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८० असोज २६ देखि कात्तिक २ गतेसम्म भारतमा हुने प्रधानमन्त्री गतिशक्ति गुरूयोजना Initiatives को अवलोकन भ्रमणमा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. राम कुमार फुयालको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आ.व. २०८०/८१ औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारी गर्न अनुमति दिने। |
| ४. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | थाइल्याडको बैंककमा २०८० कात्तिक २ देखि ३ गतेसम्म आयोजना हुने Third Asian Pacific Energy Forum मा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिने । |
| ५. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | दुग्ध विकास संस्थानको सञ्चालक समितिका सदस्य डा. बेद बहादुर क्षेत्रीलाई संस्थानको सञ्चालक समितिको अध्यक्ष तोक्ने। |
| ६. | गृह मन्त्रालय | मिति २०८० असोज २९ देखि कात्तिक ३ गतेसम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने "३rd BRF अन्तर्गत High Level Forum on Green Development" कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवम् गृह मन्त्री नारायणकाजी श्रेष्ठलाई सहभागी हुन स्वीकृति दिने। |
| ७. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | रेल्वे सेवा सञ्चालन र मर्मत संभारको लागि तालिमप्राप्त जनशक्ति, आवश्यक उपकरण एवं मालसामान सरकार तथा सरकार (G to G) प्रक्रियाबाट सम्झौता गरी खरिद गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| ८. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनामा आ.व.२०८०/८१ का लागि विभिन्न सेवा, समूह, उपसमूहका अधिकृतस्तरका १४ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ९. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८० असोज ३० देखि कात्तिक २ सम्म भारतको मुम्वईमा हुने "Global Maritime India Summit 2023 (GMIS)" विषयक कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालालाई सहभागी हुन स्वीकृति दिने। |
| १०. | युवा तथा खेलकुद मन्त्रालय | अन्तर्राष्ट्रिय स्तरको क्रिकेट र बक्सिङ प्रतियोगितामा विजयी तथा पदक प्राप्त खेलाडी, सहभागी मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो र व्यवस्थापक (अफिसियल) लाई पुरस्कार प्रदान गर्ने। |
| ११. | रक्षा मन्त्रालय | २०८० मङ्सीर १९ र २० गते मित्रराष्ट्र Ghana को Accra मा संयुक्त राष्ट्रसंघद्वारा आयोजना हुने २०२३ UN Peacekeeping Ministerial मा |

| | | |
|---|---|---|
| | | माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री पूर्णबहादुर खड्कालाई सहभागी हुन स्वीकृति दिने। |
| १२. | वन तथा वातावरण मन्त्रालय | सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिकालाई १५ शय्याको प्राथमिक अस्पताल निर्माणका लागि सोही गाउँपालिकाको वडा नं. ३ स्थित ७.२ रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १३. | वन तथा वातावरण मन्त्रालय | माथिल्लो सितखोला साना जलविद्युत आयोजनाको भौतिक पूर्वाधारहरू निर्माणका लागि अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ४ र ५ स्थित १.८४ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १४. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अवकाशप्राप्त गैरनेपाली नागरिक अस्थायी शिक्षकहरूलाई सुविधा प्रदान गर्ने। |
| १५. | शहरी विकास मन्त्रालय | राष्ट्रिय आवास कम्पनी लिमिटेडको रिक्त महाप्रवन्धक पदमा श्री रामकृष्ण निरौलालाई नियुक्त गर्ने। |
| १६. | नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा श्री अर्जुन जंग थापालाई बढुवा गर्ने। | |
| १७. | न्याय सेवा आयोगको सिफारिसबमोजिम नेपाल न्याय सेवा, कानून समूहतर्फका ६ जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको सरूवा गर्ने। | |

# २०८० कात्तिक २ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | विषय |
|---|---|---|
| १ | आसन्न दशैं, तिहार, नेपाल संवत् र छठलगायतका सांस्कृतिक पर्वहरूको अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा नेपाल सरकारको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने। | |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तल्लो अरुण जलविद्युत परियोजना (६६९ मेगावाट) को लागि आवश्यक १०७.९७ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय स्तरको बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलन २०२४, २०८०/११/२७-२९ सम्म आयोजना गर्न लुम्बिनी प्रदेश सरकारलाई सैद्धान्तिक स्वीकृति दिने। |
| ५ | गृह मन्त्रालय | बङ्गलादेशको ढाकामा कात्तिक ११-१३, २०८० मा हुन गइरहेको “Electoral System of South Asia: Perspective of National Parliament Elections of Bangladesh” विषयक सेमिनारमा सहभागी हुन माननीय निर्वाचन आयुक्त श्री सगुन सम्शेर ज.ब.रा.को भ्रमण स्वीकृत गर्ने। |
| ६ | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको यही मिति २०८० कात्तिक १२ देखि १५ गतेसम्म हुने नेपालको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| ७ | परराष्ट्र मन्त्रालय | माननीय परराष्ट्रमन्त्रीको यही २०८० कात्तिक ८ देखि १६ गते सम्म संयुक्त राज्य अमेरिकाको भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| ८ | युवा तथा खेलकुद मन्त्रालय | नेपाल र इजिप्टबीचको युवा तथा खेलकुदसम्बन्धी "MEMORANDUM OF UNDERSTANDING BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE ARAB REPUBLIC OF EGYPT ON COOPERATION IN YOUTH AND SPORTS AFFAIRS" विषयक समझदारीपत्र स्वीकृत गरी सोही बमोजिमको समझदारी पत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न युवा तथा खेलकुद मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| ९ | वन तथा वातावरण मन्त्रालय | वन पैदावार विकास समितिलाई रु. ८,८५,००,०००।- (आठ करोड पचासी लाख मात्र) ऋण सहायता दिने। |
| १० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०८० कात्तिक २१ गतेदेखि मङ्सिर ६ गतेसम्म फ्रान्सको पेरिसमा आयोजना हुने युनेस्कोको ४२ औं महासभामा निम्नबमोजिम भ्रमणको लागि देहायबमोजिम स्वीकृति दिने।<br>क) प्रथम चरण: २०८० कात्तिक २१ देखि २७ गतेसम्म मा. मन्त्री अशोक कुमार राईको नेतृत्वमा, |

| | | |
|---|---|---|
| | | ख) दोस्रो चरण: २०८० कात्तिक २९ देखि मङ्सिर ५ गतेसम्म सचिव (शिक्षा) श्री सुरेश अधिकारीको नेतृत्वमा। |
| ११ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | मिति २०८० असार १२ गते नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मनाङ एअरको ९N-AMV कलसाइन रहेको हेलिकप्टर दुर्घटनाको जाँचबुझ गरी प्रतिवेदन पेश गर्न गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम १० बमोजिम गठन भएको समितिलाई मनाङ एअरको २०८०/६/२७ मा भएको दुर्घटना (९N-ANJ) को समेत जाँचबुझ गर्न कार्यादेश दिने। |
| १२ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल सरकार र कतार सरकारबीच हुने "PROTOCOL BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE STATE OF QATAR ON COOPERATION IN THE FIELD OF PRESS AND INFORMATION" विषयक समझदारीपत्र स्वीकृत गर्ने। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई नेपाल सरकारको तर्फबाट उक्त समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न अख्तियारी दिने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | आगामी २०८० कात्तिक २९ देखि मङ्सिर १ सम्म थाइल्याण्डको बैंककमा हुने Seventh Asian and Pacific Population Conference विषयक सम्मेलनमा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत र सचिव देव कुमारी गुरागाईंलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | आगामी २०८० कात्तिक १३ देखि १६ सम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने Seventy-Sixth Session of the WHO Regional Committee for South-East Asia विषयक सभामा माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत, सचिव डा. रोशन पोखरेल र अतिरिक्त स्वास्थ्य सचिव डा. विकास देवकोटालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १५ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सभामा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा ७ को उपदफा (२) को (ध) बमोजिम अमुदा श्रेष्ठ र पदम बहादुर गिरीलाई सदस्य मनोनयन गर्ने। |